**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**
जावलाखेल, ललितपुर
**ह्याचब्याक कार खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**
**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७६/११/२५)**

यस प्रतिष्ठानको लागि ह्याचब्याक कार खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीले बोलपत्र फाराममा उल्लिखित शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र फाराम खरिद गर्न फर्म/कम्पनीले आधिकारिक पत्र, दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर प्रमाण-पत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र पेश गर्नु पर्नेछ। यस सम्बन्धी बिस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्नुहुन अनुरोध छ।

| क्र. सं. | सामानको विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति र समय | फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १. | ह्याचब्याक कार-५ थान | रु.३,०००/- | मिति २०७६ चैत्र २४ गते, सोमबारसम्म (कार्यालय समयभित्र) | मिति २०७६ चैत्र २५ गते, मंगलबार दिनको १२:०० बजेसम्म | मिति २०७६ चैत्र २५ गते, मंगलबार दिनको १२:३० बजेपछि |

## ह्याचब्याक कार खरिद सम्बन्धी जानकारी तथा शर्तहरू

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र रु.३,०००/- (तीनहजार मात्र) (फिर्ता नहुने) तिरी यस प्रतिष्ठानबाट खरिद गर्न सकिनेछ र ३१औं दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र फाराम यस प्रतिष्ठानमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका सिलबन्दी बोलपत्र फारामहरू सोही दिनको १२:३० बजेपछि बोलपत्रदाता वा निजको मञ्जुरीनामा पत्र सहितको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। आधिकारिक पत्र विना बोलपत्रदाता वा मञ्जुरीनामा पत्र विना बोलपत्रदाताको प्रतिनिधिलाई बोलपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

२. ***सिलबन्दी बोलपत्र फारामसाथ निम्नलिखित कागजपत्रहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछ :***

(क) फर्म/कम्पनी दर्ता प्रमाण-पत्र (नवीकरण भएको/सम्बन्धित कार्य गर्न इजाजत प्राप्त भएको) को प्रमाणित प्रतिलिपि

(ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(ग) आ.ब.२०७५/७६ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(घ) बोलपत्र जमानत बापत रु.४,३३,५००/-(चारलाख तेंत्तीसहजार पाँचसय) मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.**००७००१०१६३२३४** मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकले यस प्रतिष्ठानको नाममा जारी गरेको र बोलपत्र फाराम पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा १२० (एकसय बीस) दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति

(ङ) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाँए नपाएको भनि लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

(च) बोलपत्रदाताले उपलब्ध गराउने सम्बन्धित कारको निर्माता कम्पनीले कार बिक्री तथा मर्मत कार्यका लागि बोलपत्रदातालाई प्रदान गरेको आधिकारिक Manufacturer Authorization Letter

(छ) पावर अफ एटर्नीको सक्कल प्रति

(ज) बोलपत्र फारामको **Qualification Criteria** मा उल्लिखित सम्पूर्ण कागजपत्रहरू

३. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/कम्पनीले आधिकारिक पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि कर दर्ता, आ.ब. २०७५/७६ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गरेपछि मात्र बोलपत्र फाराम दिइनेछ। बोलपत्रदाताले यस प्रतिष्ठानबाट वितरित बोलपत्र फाराम नै प्रयोग गर्नु पर्नेछ। अन्य तवरले प्राप्त बोलपत्र फाराम मान्य हुने छैन।

४. जुन फर्म/कम्पनीले बोलपत्र फाराम खरिद गरेको हो सोही फर्म/कम्पनीबाट मात्र बोलपत्र फाराम पेश गर्न पाइनेछ।

५. बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक सही तथा फर्म/कम्पनीको छाप लागेको हुनु पर्नेछ र बोलपत्रको खाम बाहिर "नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान" तथा "ह्याचब्याक कार आपूर्ति सम्बन्धी बोलपत्र" उल्लेख गरेको हुनु पर्नेछ ।

६. बोलपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश: बिदापछि कार्यालय खुलेको दिन उल्लिखित समय र स्थानमा बोलपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ

७. सिलबन्दी नभएको, म्याद नाघी आएको, रित नपुगेको, कुनै शर्त राखिएको तथा बुँदा नं. २ मा उल्लिखित कागजपत्रहरू पेश नभएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन र मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

८. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा घटी वा बढी अंकको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ

९. बोलपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नु पर्नेछ । अंक र अक्षरको बीचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ । बोलपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य र जम्मा मूल्यमा फरक पर्न गएमा प्रति इकाई मूल्यलाई मान्यता दिइनेछ । बोलपत्र फाराममा केरमेट भएमा केरमेट गरिएको ठाउंमा बोलपत्रदाताले सही गर्नु पर्नेछ ।

१०. बोलपत्रदाताले उपलब्ध गराउन चाहेको कारको सक्कल क्याटलग/ब्रोस्योर/विवरण-पत्रका साथै प्राविधिक बनावट कन्फिगरेशन पेपर आदि बोलपत्र फारामसाथ पेश गर्नु पर्नेछ ।

११. बोलपत्रदाताले बोलपत्र फारामको प्राविधिक (Technical) स्पेसिफिकेसनको महलमा आफूले उपलब्ध गराउन चाहेको कारको विवरणहरू स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । यस सम्बन्धी अन्य विवरणहरू छुट्टै पानामा भरि बोलपत्र फारामसाथ पेश गर्न सकिनेछ ।

१२. बोलपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराउने कारको मर्मत सम्भार, आवश्यक परेमा सम्बन्धित सामानहरू फेर्ने तथा साट्ने सम्बन्धमा कम्तीमा १ (एक) वर्ष वा १ (एक) वर्षको अवधिभन्दा कम नहुने गरी कार उत्पादकले तोके अनुसारको वा बोलपत्रदाताले तोके अनुसारको अवधिको लागि वारेण्टी हुनु पर्नेछ । वारेण्टी अवधिभित्र प्राविधिक त्रुटी (Technical/Manufacturing Defect) का कारणले गरिने मर्मत सम्भार, फेरिने तथा साटिने सामानहरूको कुनै पनि भुक्तानी प्रतिष्ठानले गर्ने छैन । बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ । वारेण्टी अवधिभित्र प्रतिष्ठानले जानकारी दिएको ३ (तीन) दिनभित्र स्वीकृत बोलपत्रदाताले मर्मत सम्भार कार्य सम्पन्न गर्नु पर्नेछ ।

१३. बोलपत्रदाताले प्रतिष्ठानलाई उपलब्ध गराउने कारको कम्तीमा १ (एक) वर्षको पूर्ण बीमा तथा नविकरण गरेको हुनु पर्नेछ ।

१४. बोलपत्र स्वीकृत भएको १५ (पन्ध्र) दिनभित्र प्रतिष्ठानमा खरिद सम्झौता गर्न आउन स्वीकृत बोलपत्रदातालाई जानकारी गराइनेछ । खरिद सम्झौता गर्न आउँदा कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) बापत **प्रतिष्ठानले तोके अनुसारको** रकम मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.**००७००१६३२३४** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकले यस प्रतिष्ठानको नाममा जारी गरेको र **प्रतिष्ठानले तोके अनुसारको म्याद भएको** बैंक ग्यारेण्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ । तोकिएको अवधिभित्र खरिद सम्झौता गर्न नआएमा स्वीकृत बोलपत्रदाताको बोलपत्र जमानत रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

१५. खरिद सम्झौतामा सही गर्न स्वीकृत बोलपत्रदाता आफै वा मञ्जुरीनामा पत्र सहितको आफ्नो प्रतिनिधि तथा एक जना साक्षी सहित उपस्थित हुनु पर्नेछ ।

१६. कार खरिद सम्बन्धमा प्रतिष्ठान र स्वीकृत बोलपत्रदाताबीच हुने खरिद सम्झौताको म्याद दुवै पक्षबाट खरिद सम्झौतामा सही भएको मितिले खरिद सम्झौतामा उल्लिखित अवधिसम्म कायम रहनेछ ।

१७. अस्वीकृत बोलपत्रदाताको बोलपत्र जमानत स्वीकृत बोलपत्रदाता र प्रतिष्ठानबीच खरिद सम्झौता भएपछि फिर्ता गरिनेछ ।

१८. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौतामा सही भएको मितिले बढीमा ३० (तीस) दिन वा सोभन्दा कम अवधिभित्र सम्बन्धित कार प्रतिष्ठानमा उपलब्ध गराउनु पर्नेछ ।

१९. स्वीकृत बोलपत्रदाताले उपलब्ध गराउने कारको गुणस्तर तथा स्पेसिफिकेशन बोलपत्र फाराम तथा खरिद सम्झौतामा उल्लेख भए अनुसारको हुनु पर्नेछ ।

२०. स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराएको कार प्रतिष्ठान वा प्रतिष्ठानले तोकेको प्राविधिक/बिशेषज्ञबाट Post Delivery Inspection (PDI) गराई उपयुक्त भएको प्रतिवेदन प्राप्त भएपछि मात्र स्वीकार गरिनेछ ।

२१. बोलपत्र फाराममा उल्लिखित कारको परिमाणमा प्रतिष्ठानको आवश्यकता अनुसार थपघट भएमा पनि स्वीकृत बोलपत्रदाताले स्वीकार गर्नु पर्नेछ ।

२२. स्वीकृत बोलपत्रदातालाई कार खरिद सम्बन्धमा प्रतिष्ठानले कुनै पनि पेश्की (एडभान्स पेमेण्ट) उपलब्ध गराउने छैन ।

२३. स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराउने कार प्रतिष्ठानको नाममा नामसारी भई प्रतिष्ठानको स्टोर शाखामा दाखिला भएको प्रतिवेदन प्राप्त भएपछि मात्र इकाई दरको आधारमा एकमुष्ट रकम भुक्तानी दिइनेछ ।

२४. स्वीकृत बोलपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराउने कार प्रतिष्ठानको स्टोर शाखामा दाखिला भएको मितिदेखि मात्र वारेण्टी अवधि गणना गरिनेछ ।

२५. प्रतिष्ठानमा कार उपलब्ध गराए वापत तिर्न बुझाउनु पर्ने सवारी कर, नविकरण शुल्क, पूर्ण बीमा शुल्क, रजिष्ट्रेसन शुल्क, नामसारी शुल्क, प्रदुषण जाँच शुल्क तथा अन्य सम्बन्धित सबै कर, शुल्क, महसुल भुक्तानी गर्नु पर्ने सबै दायित्वहरू स्वीकृत बोलपत्रदाताको हुनेछ । प्रतिष्ठानले कुनै पनि रकम व्यहोरिने छैन ।

२६. स्वीकृत बोलपत्रदातालाई प्रतिष्ठानबाट गरिने भुक्तानी रकमबाट नियमानुसार लाग्ने करकट्टी गरी मात्र भुक्तानी दिईनेछ ।

२७. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता अनुसार कार्य नगरेमा वा उपलब्ध गराएका कार बोलपत्र फाराम तथा खरिद सम्झौतामा उल्लेख भए अनुसारको गुणस्तर तथा स्पेसिफिकेस अनुसारको नभएमा प्रतिष्ठानले उक्त कार अन्यत्रबाट खरिद गर्न सक्नेछ । यसरी खरिद गर्दा खरिद सम्झौतामा उल्लिखित रकमभन्दा बढी लागेमा बढी लागेको रकम प्रतिष्ठानले स्वीकृत बोलपत्रदाताबाट असूल गरिनेछ वा प्रतिष्ठानले खरिद सम्झौता खारेज गरी स्वीकृत बोलपत्रदाताको कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

२८. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौतामा उल्लिखित अवधिभित्र प्रतिष्ठानमा कार उपलब्ध नगरेमा प्रतिष्ठानले स्वीकृत बोलपत्रदाताबाट पूर्व निर्धारित क्षतिपूर्ति लिई नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

२९. स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता अनुसार प्रतिष्ठानमा कार उपलब्ध गराई सकेपछि र कारको वारेण्टीको अवधि समाप्त भएपछि मात्र नियमानुसार कार्य सम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम बिना ब्याज फिर्ता गरिनेछ ।

३०. बोलपत्र सम्बन्धी कुनै संशोधन गर्नु परेमा सो को जानकारी प्रतिष्ठानको सूचना पाटीमा टाँस गरिनेछ ।

३१. खरिद सम्झौता सम्बन्धमा कुनै विवाद उठेमा श्रीमान् कार्यकारी निर्देशकज्यू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको निर्णय अन्तिम हुनेछ र हुने निर्णय प्रतिष्ठान र स्वीकृत बोलपत्रदाता दुवैलाई मान्य र अन्तिम हुनेछ

३२. बोलपत्र फाराम तथा खरिद सम्झौतामा उल्लिखित शर्तहरू बाहेक अन्य कुराको हकमा प्रतिष्ठान र स्वीकृत बोलपत्रदाता दुबैको आपसी सहमति बमोजिम हुनेछ ।

३३. यस जानकारी तथा शर्तमा उल्लेख नभएका कुराहरूको हकमा बोलपत्र फाराम तथा यस प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६८ बमोजिम हुनेछ ।

३४. यस सम्बन्धी विस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

## Qualification Criteria

The qualification criteria for the procument of car shall be as follows:

a) The bidder shall furnish a list of users who had purchased same/similar car in last 3 (Three) years, and number of car sold to them.
b) The Bidder shall have a minimum of last 2 (Two) years specific experience in the supply of cars.
c) The minimum supply value of cars under a single contract within the last three years should be NRs.12 (Twelve) million.

d) The average annual turnover during the last 3 (Three) years should be NRs.13.5 million. The audited income statement/balance sheet of last 3 years should be submitted with the bid.
e) Bidder's net worth of fiscal year 2075/76 calculated as the difference between total assets and total liabilities should be positive.
f) Bid submitted by a bidder other than the manufacturer in resepct of the car shall be accompanied by a letter from the manufacturer (Manufacturer's Authorization Letter) stating that the bidder is the authorized the deal with the said manufacturer for this bid. Manufacturer's Authorization Form (MAF) in Original Equipment Manufacturer (OEM) letter head confirming that they support the bidder for the tender is required. MAF letter from reseller, distributor and partner other than the OEM will make bid non-responsive.
g) The bidder is required to state clearly the specification of his proposed the car. Compliance with the byer's requirement of the technical specifications shall be duely filled in and sign in the offered specification column of the technical specification supported by the relevant technical catalogue/leaflet/brochure. The catalogue/leaflet/brochure shoule be orginal.

**Technical Specification of 2WD Vehicle**

| S.No. | Criteria | Office Requirement |
|---|---|---|
| 1. | General | **Five doors, right hand drive, 2WD with hatchback car** suitable for normal and rough road driving condition in Nepal. Vehicle should have seating capacity for **at least 5** passengers including driver. **Gross vehicle weight should not be less than 860 kg** and **fuel tank capacity should not be less than 36 liters**. |
| 2. | Engine | **4-Cylinder, 4-stroke water cooled petrol engine**, engine volume **1200 cc (+/-1%)**, developing maximum rated power output not less than **75 PS** and maximum torque should not less than **110 N-m** at governed rpm and shall have fully equipped with accessories for full load and efficient operation. |
| 3. | Emission standard | The emission standard of the offered vehicle must be in Accordance with or superior than the applicable **standard as prescribed** by **Nepal vehicle mass emission standard 2069, which is to be certified by Department of Transport Management**. |
| 4. | Gauges | To include **Speedometer, Odometer, Temperature, Fuel gauges** etc. as necessary for efficient operation and maintenance. |

| | | |
|---|---|---|
| 5. | Clutch | **Dry single Plate or equivalent.** |
| 6. | Transmission | **Manual shift at least five forward and one reverse**, all forward synchromesh suitable for comfort and safe driving. |
| 7. | Ground clearance | High ground clearance preferred, **minimum 165mm.** |
| 8. | Suspension | Front: Independent, Macperson strut or equivalent.<br>Rear: semi-independent, coupled torsion beam Alex. |
| 9. | Steering | **Power and tilt assisted.** |
| 10. | Turning radius & Wheelbase | **Not more than 5m. & not less than 2420mm.** |
| 11. | Tyres | Standard, tubeless. |
| 12. | Brakes | **Front: ventilated disc type,**<br>**Rear: disk/drum type & ABS with EBD**. |
| 13. | Body/Cab | **Four side doors and one rear door** for luggage compartment at the rear of the car. All metallic cab with insulated roof. Laminated/tinted glass wind screen, front screen washer & wipers, sun visors, rear view mirror & side view mirrors, comfortable and adjustable seats. |
| 14. | Chassis and frame | Steel, heavy duty suitable for rough road condition with towing hook. |
| 15. | Essential accessories | 1. **Head light, tail and rear light, reversing light and turn signals, cabin lights**.<br>2. **Air conditioning system**.<br>3. **Tilt Steering**.<br>4. **ABS**.<br>5. Min. 2 no. of **Air bags** safety system for driver and co-passenger.<br>6. **Central door locking system with keyless entry**.<br>7. **Seat belts** for driver & co-passenger.<br>8. **Power window system**.<br>9. Suitable Jack with handle.<br>10. Spare wheel with tyre.<br>11. Electronic control ORVM.<br>12. Music system & Bluetooth connectivity with steering control audio mounted system.<br>To be equipped with all accessories offered in standard model but not limited to above items. |
| 16. | Instructions | All sings instructions in the vehicle shall be in English. |
| 17. | Manuals | One copy of operator’s & owner instruction manual in English should be supplied. |

NASC

| | | |
|---|---|---|
| 18. | Tools | One set of tools for general maintenance. |
| 19. | Color | Standard. |
| 20. | Proven performance | 1. The car offered shall be a current model under standard production by manufacturer for **at least one year**.<br>2. The supplier shall provide the manufacturers data of the performance of the unit to include the fuel consumption, performance curve of the engine. |
| 21. | Warranty | Manufacturer shall provide **a minimum one year warranty** after acceptance. |
| 22. | Delivery | At the place of Purchaser's, within one month or less after agreement. |

NASC